


विराटनगर महानगरपालिका

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२

विराटनगर महानगरपालिका

## नगरकार्यपालिका कार्यालय

बिराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल

२०८२, जेठ




दस्तावेज: बिराटनगर महानगरपालिका मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२

तयार मिति: २०८२ साल जेठ

प्रकाशक: बिराटनगर महानगरपालिका विपद व्यवस्थापन समिति, नगर कार्यपालिकाको कार्यालय, बिराटनगर

प्रकाशन मिति: २०८२ साल जेठ, बिराटनगर

सहजीकरण: एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रालि, इटहरी, सुनसरीबाट नबराज सुबेदी

सर्बाधिकार : @ बिराटनगर महानगरपालिका कार्यालय

बिषय सूची

खण्ड १: परिचय ........ 6

१.१ पृष्ठभूमि ........ 6

१.२ बिराटनगर  महानगरपालिकाको परिचय ........ 6

१.३ कार्ययोजनाको उदेश्य ........ 8

१.४ योजना निर्माण प्रक्रिया ........ 9

खण्ड २ मनसुन जोखिमको अवस्था तथा क्षमता लेखाजोखा ........ 10

२.१ नगरपालिकाको मनसुनको परिदृश्य ........ 10

२.२ नीतिगत व्यवस्थाहरु ........ 10

२.२  विगतका घटना विवरण ........ 12

२.३ संकटासन्न बस्ति तथा घरधुरीहरु ........ 13

२.४ आश्रय स्थलहरु ........ 16

श्रोत: बिराटनगर महानगरपालिका ........ 21

२.५ सरोकारवाला निकायहरुको लेखाजोखा ........ 22

खण्ड ३ बिषयगत क्षेत्रको मनसुन पुर्व तयारी तथा प्रतिकार्य योजना ........ 23

३.१ बिषयगत क्षेत्रहरु ........ 23

३.२ मनसुन पूर्वतयारी कार्ययोजना ........ 25

३.३ मनसुन प्रतिकार्य योजना ........ 31

३.३..१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ........ 31

३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ........ 32

३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ........ 33

३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ........ 34

३.३.५ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ........ 34

३.३.६ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना ........ 35

३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ........ 36

३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ........ 36

३.४  बन्दोबस्ती सामग्रीको उपलब्धता ........ 37

३.५.१ समग्र व्यवस्थापन/ सूचना खोज तथा उद्धार ........ 37

३.५.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ........ 40

३.६ स्रोत साधनको व्यवस्थापन ........ 40

३.७ अन्य निकायसँगको समन्वय र सहकार्य ........ 41

भाग ४ योजनाको अनुगमन, मुल्यांकन तथा सिकाई योजना ........ 42

४.१ लक्ष्य र सूचक....42
४.२ अनुगमन, मुल्यांकन तथा सिकाई ....43
४.३ विपद पूर्बतयारी तथा प्रतिकार्य योजनाको पुनरावालोकन र पृष्ठपोषण....43
अनुसूचीहरु ....44
अनुसूची १: स्थानीय विपद् व्यवस्थापन समितिको सम्पर्क विवरण ....44
अनुसुचि २ प्रारम्भिक द्रुत सर्बेक्षण प्रतिबेदन फारम....45
अनुसुचि ३ : बहु-क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा फारम ....47
अनुसूची ४ विपद सम्बन्धी शब्दावलीहरू....61

# खण्ड १: परिचय

## १.१ पृष्ठभूमि

नेपाल विपद जोखिमको हिसाबले उच्च  जोखिममा रहेको छ | भुकम्पजन्य विपद जोखिमको ११औ, जलवायु विपद जोखिममा ४औ, बढी जन्य विपद जोखिममा ३०ऑ स्थानमा रहेको छ भने समग्र विपद जोखिमको हिसाबमा २०औ स्थानमा रहेको छ । नेपालमा करिब ८०% भन्दा बढी वर्षा असर देखि भदौ सम्म हुने गरेको छ भने भौगोलिक कमजोर धरातल, उच्च भिरालो क्षेत्र आदि कारणबाट नेपालमा मनसुनको समयमा बाढी, पहिरो लगायत अन्य पानी जन्य विपद्का कारण ठूलो जन धनको क्षति हुने गरेको छ। पहाडका फेदीहरू र तराईमा जलाधार क्षेत्रबाट बगेर आएको बालुवा तथा गेग्रान थुप्रिनाले बस्ती र कृषि योग्य जमिन नष्ट भइरहेका छ । नदीका जल प्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थित प्रयोगले गर्दा यस्ता समस्या अझ जटिल बन्दै गइरहेका छन् । यस प्रकारका विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न सम्बन्धित निकायको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।पूर्व अनुभवहरुले के प्रमाणित गरेका छन् भने आपतकालमा गरीने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न निकायहरुको पूर्वतयारीको तह र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत साधनको ठूलो प्रभाव पर्दछ ।

तसर्थ प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका मनसुन विपद्का घटनाबाट हुन सक्ने मानिसको जनधन तथा सम्पतिको क्षतिलाई न्यून गर्नका लागि पनि आपतकालीन पूर्वतयारीलाई मजवुत बनाउन जरुरी छ । मनसुन जन्य जोखिम व्यवस्थापन पद्धतिलाई विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाजको विकासको प्रयासलाई अघि बढाउनु जरुरी देखिएको छ । यसै सन्दर्भम बिराटनगर महानगरपालिका मोरङ्ग ले नगरपालिका क्षेत्रको बाढीजन्य विपदको आँकलन, जोखिम व्यवस्थापन गर्न स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गरी विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन यो वर्षायामका लागि "**मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२** " तयार गरीएको छ ।

## १.२ बिराटनगर  महानगरपालिकाको परिचय

कोशी प्रदेश मोरङ जिल्लाको दक्षिण भागमा अवस्थित विराटनगर महामहानगरपालिका प्रादेशिक राजधानी शहरको रुपमा परिचित छ । यो नेपालको औद्योगिक नगर पनि हो । पौराणिक कालका प्रख्यात राजा विराटको दरबार वडा नं १८ को बुधनगर भेडियारी क्षेत्रमा रहेको छ । महाभारत कालमा पाण्डवहरु राजा विराटको दरबारमा आश्रय लिई बसेको भनाइ छ भने विराटराजाको नामबाट नै यस क्षेत्रको नाम विराटनगर रहन गएको हो । वि.सं. १९७० सम्म यस ठाउँलाई गोग्राहा भनिन्थ्यो । विराटनगर विगत समयदेखि नै राजनैतिक, वैचारिक र औद्योगिक आन्दोलनका लागि नेपालकै अग्रणी स्थानको रुपमा रहँदै आएको छ । वि.सं. २०७४ जेठ ८ गते महामहानगरपालिका घोषित यो नगर औद्योगिक व्यापारिक तथा प्रशासनिक केन्द्रको रुपमा परिचित छ ।

भौगोलिक अवस्थितिअनुसार ८७ डिग्री २७ मिनेट ४७ सेकेण्ड पूर्वी देशान्तर र २६ डिग्री २७ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांशमा फैलिएको महामहानगरपालिका समुन्द्री सतहदेखि ८० मिटरको उचाईमा रहेको छ। पूर्वमा कटहरी र जहदा गाउँपालिका, पश्चिम सुनसरी जिल्ला, उत्तर बूढीगंगा र ग्रामथान गाउँपालिका तथा दक्षिणमा भारतको सिमानासँग जोडिएको यो महानगर समतल भूभागमा फैलिएको छ। १९ वडामा विभाजित महामहानगरपालिकाको क्षेत्रफल ७७ वर्ग किलोमीटर रहेको छ।

राष्ट्रिय जनगणना २०७८ नतिजाअनुसार विराटनगर महानगरपालिकाको जनसंख्या २,४३,९२७ रहेको र सो मध्ये महिला १,२१,९७३ (५० प्रतिशत), पुरुष १,२१,९५४ (५० प्रतिशत) छ। यस महानगरपालिकाको लैगिंक अनुपात ०.९९ (प्रति १०० महिलामा हुने पुरुषको संख्या) रहेको छ। महानगरको जम्मा घरधुरी संख्या ५६,९१९ रहेको छ। कूल जनसंख्याको जातीय बनावट हेर्दा बहु साम्प्रदायिक जातजातिहरू पाउन सकिन्छ। महानगरपालिकामा रहेका धैरै जातजातिहरूमध्ये क्षेत्री, ब्राहमण, मुसलमान, यादव, केवट, नेवार, तेली, धानुक, राजवंशी, थारुको बढी बाहुल्यता रहेको पाइन्छ।

विद्यमान भूउपयोगको अवस्था हेर्ने हो भने यस महानगरपालिकामा सबैभन्दा बढी कृषि क्षेत्रले ५९.४८ प्रतिशत, आवासीय र व्यावसायिक क्षेत्रले २९.२ प्रतिशत, सार्वजनिक ६.२७ प्रतिशत, औद्योगिक क्षेत्रले २.३७ प्रतिशत, वन क्षेत्रले ०.०३ प्रतिशत ओगटेको छ।

विभिन्न ऐतिहासिक धार्मिकस्थलहरु रहेको विराटनगर सांस्कृतिक हिसाबले धनी छ। हिन्दु, बौद्ध, इस्लाम, इसाई आदि धर्मावलम्बीअनुसारकै धार्मिकस्थलहरु रहेका छन्। मठमन्दिर, गुम्बा, मस्जिद तथा चर्च आदि गरी झण्डै १७० वटा धार्मिकस्थलहरु रहेका छन्। यहाँका प्राचीन मन्दिरहरुमा वनस्खण्डी महादेव, काली मन्दिर, विराटेश्वर मन्दिर,सन्सारीमाईथान मन्दिर, राधाकृष्ण मन्दिर, रामजानकी मन्दिर, सत्यनारायण मन्दिर, बंगलामुखी मन्दिर, लक्ष्मीनारायण मन्दिर, श्रीकृष्ण प्रणामी मन्दिर, हनुमान मन्दिर, अष्टचिरञ्जीवी मन्दिर, जामे मस्जिद साथै पुरातात्विक स्थल विराटराजाको दरबारस्थल, किच्चकबध पोखरी, मण्ठापोखरी, रानीपोखरी आदि प्रसिद्ध धार्मिक एवं पर्यटकीयस्थल रहेका छन्। अथितिसदन, कालीप्रितम धर्मशाला, रामजानकी धर्मशाला, तोदी सामुदायिक भवन र मारवाडी सेवा सदन मुख्य धर्मशालाको रुपमा रहेका छन्।

विराटनगर आसपासका क्षेत्रमा ठूलो संख्यामा कलकारखाना, उद्योग तथा व्यवसायहरू रहेको हुँदा विराटनगर एक पारवहन तथा वाणिज्य केन्द्रको रुपमा परिचित छ। यहाँबाट भारत तथा तेस्रो मुलुकसँग व्यापारिक बस्तुहरू आयात निर्यात गर्ने गरिन्छ। आ.व. ०७७÷७८ मा वडा कार्यालयमा लगत संकलन भएको तथ्याङ्क अनुसार महानगर क्षेत्रमा अव्यवस्थित बसोबासी २२९७ परिवार र भूमिहीन सुकुम्बासी १५४० परिवार गरी जम्मा ३८३७ परिवार रहेका छन्। जनगणना २०७८ अनुसार कृषि क्षेत्रमा १४.२५ उत्पादन क्षेत्रमा १२.४५, निर्माण क्षेत्रमा १०.८५, व्यापार र व्यवसाय क्षेत्रमा २५.१५, सवारी क्षेत्रमा ४.७५ र बाँकी अन्य क्षेत्रमा कार्यरत रहेका छन्।

विराटनगर महामहानगरपालिका एक शैक्षिक केन्द्रको रुपमा विकास भइरहेको छ। उच्चशिक्षातर्फ त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयका आगिंक र सम्बन्धन प्राप्त प्राविधिक शिक्षण संस्थाहरुसहित २७ वटा रहेका छन्। विराटनगर

महामहानगरपालिकाअन्तर्गत ५६ वटा सामुदायिक, २० वटा धार्मिक तथा १२१ वटा संस्थागत विद्यालयहरु गरी जम्मा १९७ विद्यालयहरु सञ्चालनमा रहेका छन् । ५६ वटा सामुदायिक विद्यालयहरु मध्ये २२ वटा माध्यमिक तह, ३४ वटा आधारभूत तह कक्षा ६ देखि ८ र र १२१ वटा संस्थागत विद्यालयहरूमध्ये ७२ वटा माध्यमिक तह ४९ वटा आधारभूत तहका विद्यालयहरू सञ्चालनमा छन्। विद्यार्थी भर्नादर कक्षा १ देखि ५ सम्म ९४.८%, कक्षा ६ देखि ८ सम्म ९५.४%, र कक्षा ९ देखि १० सम्म ७७.८% रहेको छ। विराटनगर महानगरपालिकाका विद्यालयहरूमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या ७२७६० मध्ये २८००० विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् राष्ट्रिय जनगणना २०७८ अनुसार विराटनगर महानगरपालिकाको साक्षरता दर ८३.६१% रहेकोमा पुरुषतर्फ ८९.०७% र महिलातर्फ ७८.१८% रहेको छ।

कोशी प्रदेशको राजधानी विराटनगर गुणस्तरीय स्वास्थ्य सेवाको लागि परिचित बन्दै गएको छ । यहाँ निजी तथा सरकारीस्तरका अस्पताल, क्लिनिकहरु धेरै रहेका छन्, जहाँ बर्सेनि छिमेकी मुलुक भारतलगायतका स्थानहरुबाट समेत ठूलो संख्यामा बिरामीहरु उपचार गर्न आउँदछन् । विराटनगर महानगरपालिकामा १७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ वटा आधारभूत अस्पताल, १ वटा आधारभूत आयुर्वेद स्वास्थ्य सेवा केन्द्र, १ वटा आयुर्वेद अस्पताल, १ वटा सेन्टर फर इन्फेकसियस डिजिज एण्ड क्रिटिकल केयर, १ वटा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, १ वटा प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र, ३३ वटा निजी अस्पताल र मेडिकल कलेज, १० वटा गैर सरकारी स्वास्थ्य संस्था, ४५ वटा निजी क्लिनिक र पोलिक्लिनिक, २५ वटा ल्याव र डाइग्नोस्टिक सेन्टर, ४५ वटा डेण्टल केयर, १० वटा रेडियो इमेजिङ्ग र ५ वटा वैकल्पिक चिकित्सा र होमियोप्याथिकहरु रहेका छन् ।

विराटनगर महामहानगरपालिका नगर क्षेत्रको १९ वटा वडाहरुमा अवस्थित ५६,९१९ घरधुरीमध्ये २९.७ प्रतिशत घरधुरीमा धारा जडानसहितको खानेपानी वितरण तथा ६०.७ प्रतिशत घरधुरीमा ट्युवेल, ०.५ प्रतिशत जार र बोतल, ३.२ प्रतिशत अन्य स्रोतमा पहुँच रहेको अवस्था छ । जसमध्ये नेपाल खानेपानी संस्थान, मानगढ खानेपानी उपभोक्ता समिति, बखरी खानेपानी उपभोक्ता समिति र जामुनगाछी खानेपानी उपभोक्ता समितिमार्फत घरधुरीमा खानेपानी आपूर्ति गरिएको छ । साथै, खानेपानी संस्थान र जाइकाको सहयोगमा महानगरको विभिन्न स्थानहरुमा खानेपानीको पूर्वाधारहरु निर्माण कार्य अघि बढाइएको छ ।

### १.३ कार्ययोजनाको उदेश्य

यस कार्ययोजनाका मूख्य मूख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- विपद् जोखिमको तथ्यांकका आधारमा यस वर्षको सम्भावित जोखिम आँकलन गर्न
- विपद् जोखिम आँकलनको आधारमा विपदबाट प्रभावित हुनसक्ने जनसंख्याको पूर्वानुमान गर्न
- विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत क्षेत्र तथा सरोकारवाला निकायहरुको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकृत गर्न
- मनसुन पूर्वतयारी र प्रतिकार्यमा समन्वयात्मक र एकीकृत क्रियाकलापहरु तय गरी सोहि अनुरुप कार्यान्वयन गर्न

- विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका सम्पूर्ण क्रियाकलापहरु थप प्रभावकारिता ल्याई मानवीय र भौतिक/आर्थिक क्षति न्यूनीकरण गर्न

### १.४ योजना निर्माण प्रक्रिया

यस कार्ययोजना तयार गर्दा अपनाइएका प्रकृयाहरुमध्ये मूख्य मूख्य प्रकृयाहरु देहाय बमोजिम रहेका छन्:

- नगर विपद व्यवस्थापन समितिद्वारा मनसुन पूर्व तयारी कार्य योजना आवश्यकता महसुस भई कार्य योजना तयार गर्ने योजनालाई महानगर विपद व्यवस्थापन समितिको बैठकबाट निर्णय,
- बिगतका समयमा मनसुनका प्रभावका कारण महागरनगरपालिका क्षेत्रमा आएको बाढीको प्रभाव मुल्यांकन,
- मनसुनजन्य विपद सम्बन्धी राष्ट्रिय तथा महानगरपालिका तहमा बनेको नीतिगत अध्ययन विश्लेषण,
- वडा तहमा गई बाढी जन्य जोखिमका क्षेत्रको बारेमा पहिचान तथा लेखाजोखा गर्नुका साथै क्षमताको मापन,
- जोखिम युक्त क्षेत्रका जानिफकार व्यक्तिहरुसँग बाढीजन्य विपदको अवस्थाको बारेमा सुचना संकलन,
- महानगरपालिकामा आन्तरिक छलफल र अन्तरक्रिया,
- महानगरपालिका सम्वद्ध विषयगत महामाहाशाखा, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ बमोजिम तोकिएका विषयगत क्षेत्र (क्लष्टर) का नेतृत्वदायी सरकारी निकायहरु, सुरक्षा निकायहरु र मानवीय सहायताका क्षेत्रमा कार्यरत संस्थाहरु तथा सँग छलफल र अन्तर्किया गरी प्राप्त सुचनाको आधारमा कार्य योजना मसौदा तथा तथ्यांक प्रमाणीकरण
- तथ्यांक प्रमाणीकरण गोष्ठीबाट आएका सुझाव तथा पृष्ठपोषणलाई समेटी तयार भएको कार्ययोजना महानगरपालिका विपद व्यवस्थापन समितिवाट स्वीकृत,
- स्वीकृत कार्ययोजनाको कार्यन्वयन

# खण्ड २ मनसुन जोखिमको अवस्था तथा क्षमता लेखाजोखा

## २.१ नगरपालिकाको मनसुनको परिदृश्य

बिराटनगर महानगरपालिका बहुप्रकोपजन्य विपदको जोखिमको उच्च स्थानमा रहेको छ | बाढी, भूकम्प तथा अगोलोगीजन्य विपदको घटना उच्च रहेको छ ( Government of Nepal, 2019, Need and Capacity Assessment of 14 rural & Urban Municipalities on Disaster Risk Reduction and Management in Nepal) |

समथर भुसंरचना, अव्यवस्थित शहरीकरण, पानीको उचित निकासी नहुनु जस्ता कारण यस क्षेत्रमा बाढी तथा डुबानजन्य विपदको चपेटामा बर्षेनी पर्दै गई रहेको छ | महानगरपालिकाको पुर्व क्षेत्र तर्फवाट बग्ने सिंगिया खोला तथा पश्चिमतर्फ वाट बग्ने केशलिया खोलाका साथै महागरक्षेत्रभित्र भएर बग्ने स-साना नाला तथा खोल्सिबाट बर्षातको समय पानी निकासी हुन् नसकी डुबान हुने गरेको छ |तर यस महानगरको पूर्वी क्षेत्र भएर बग्ने सिंघिया खोलाले वडा नं. १,२,७,८,१४,१८ र १९ का धेरै भूभागहरुमा कटान तथा डुबान गर्ने गरेको छ | त्यसै गरि पश्चिम सिमाना भएर बग्ने केशलिया खोलाले वडा नं. ४,५,६,११,१२ र १६ का धेरै भु-भागहरुमा डुबान तथा कटान गर्ने गरेको छ | यसका साथै असार, श्रवण, भाद्र महिनामा हुने मनसुनी वर्षाका समयमा स-साना खोल्सा खोल्सी र पैनीमा पानी भरिएर बस्तिहरुमा डुबानको समस्या उत्पन्न हुने गरेको छ | बढ्दो शहरीकरण, भौतिक पूर्वाधारको निर्माणका कारण वर्षाको पानी सहज रुपमा बग्न नपाएर बजार र बस्ती डुबानमा पर्ने पर्ने समस्य रहेको छ |

## २.२ नीतिगत व्यवस्थाहरु

### १. बिराटनगर महानगरपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५:

बिराटनगर महानगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर-प्राकृतिक विपदबाट सर्बसाधारणको जीउज्यान र सार्बजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नेका लागि विपद जोखिम न्यूनीकर तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कार्यन्वयनका लागि नगरपालिका विपद जोखिम व्यवस्थापन ऐन कार्यान्वयनमा ल्याइएको छ |

यो ऐन गतिशील तथा विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका तिनै चरण (पुर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ र पुनः निर्माण) मा महागरपलिका विपद व्यवस्थापन समितिमार्फत गर्नुपर्ने गतिविधिहरु समेटिएको छ | संघ तथा प्रदेस सरकारसँग नियमित समन्वय तथा सहकार्यमा विपद तथा जलवायु जोखिम न्युनिकरण तथा व्यवस्थापन गतिविधिहरु संचालन गर्नु पर्ने व्यवस्था गरिएको छ | त्यसै गरि विपद तथा जलवायु जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यमा विकास साझेदार तथा निजिक्षेत्र सँगको सहकार्यलाई पनि जोड दिइएको छ |

महानगर पालिका तथा वडा तहमा विपद व्यवस्थापन समितिक्को परिकल्पना गरि समितिको काम कर्तव्य तथा अधिकार सुनिश्चित गरिएको छ भने समुदाय तहमा प्रभावकारी विपद व्यवस्थापन निमित्त सामुदायिक विपद व्यवस्थापन अवधारणा अनुरुप सामुदायिक

विपद व्यवस्थापन समितिको संरचनाको परिकल्पना गरिएको छ | विपद व्यवस्थापन कोषको व्यवस्था र कसुर तथा सजायको व्यवस्था गरिएको छ |

२. **बिराटनगर महानगरपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्य विधि, २०७६:**

बिराटनगर महानगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदवाट हुन सक्ने जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागि महानगरस्तरमा विपद व्यवस्थापन कोषको व्यवस्थापन तथा संचालनका निमित्त विपद व्यवस्थापन कोष संचालन कार्यविधि ल्याइएको छ | आपतकालीन अवस्थामा संकट व्यवस्थापन गरि विपद प्रभावित व्यक्ति, परिवार तथा समुदायमा जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यको निमित्त आवश्यक आर्थिक तथा सामग्री परिचालन यस कार्यविधि मार्फत हुने गर्दछ |

महानगरपालिकाको नियमित बजेटबाट विनियोजित रकम, संघ तथा प्रदेस सरकारबाट कोषको लागि विनियोजित बजेट, विभिन्न संघ संस्था तथा विकास साझेदार निकायहरुवाट प्राप्त नगद तथा जिन्सी सहयोग, निजि क्षेत्रवाट प्राप्त सहयोग कोषको श्रोत रहेका छन् |

कोषको रकम महानगरपालिका विपद व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्ने गरिन्छ | कोषको रकम विपद व्यवस्थापनको कार्यमा मात्र खर्च गर्न सकिनेछ र यसको प्रतिवेदन सार्वजनिक गर्नु पर्ने छ |

**३. स्थानीय सरकार ऐन, २०७४**

स्थानीय सरकार संचालनका निमित्त नेपाल सरकारले स्थानीय सरकार संचालन ऐन २०७४ जारी गरेको छ | यस ऐनको परिच्छेद ३ मा नगरपालिका तथा नगर पालिकाको काम काम, कर्तब्य र अधिकार अन्तरगत विपद व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ |

**४. विपद जोखिम न्युनिकरण नीति २०७६**

महागरपलिकामा संचालन हुने विकासका सबै योजना एवं कार्यक्रममा विपद र जलवायुजन्य जोखिम न्युनिकरणका विधिलाई मुलाप्रवाहिकरण गरी मानिसको जीवन र मानवीय तथा प्राकृतिक सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, उत्पादनका साधन भौतिक तथा सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति कम गरी महानगरबासीको उत्थानशिलाता अभिवृद्धि गर्ने उदेश्य विपद जोखिम न्युनिकरण नीति २०७६, बिराटनगरको रहेको छ |

प्रभावकारी व्यवस्थापनको निमित्त सुचना व्यवस्थापन, क्षमता विकास, जोखिमको लेखाजोखा, पूर्वसुचना प्रणालीको स्थापन, विकास गतिविधिमा विपद तथा जलवायु जोखिम न्युनिकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण, रैथाने तथा स्थानीय ज्ञानसिपको प्रयोग, सुरक्षित शैक्षिक क्षेत्र तथा पाठ्यक्रममा विपद तथा जलवायुजन्य प्रकोपका विषयहरु समावेश गर्ने, समुदाय केन्द्रित जोखिम न्युनिकरण तथा व्यवस्थापन, भवन आचारसंहिता तथा मापदण्ड निर्माण र कार्यान्वय, सरोकारवाला निकायहरु सँग सहकार्य तथा समन्वय जस्ता नीतिगत व्यवस्था यस नीतिमा गरिएको छ | यदपि नीतिगत व्यवस्था अनुरुप कतिपय कार्यहरु संचालनमा रहेपनि

प्रभावकारी विपद सुचना व्यवस्थापन तथा सुचना प्रवाहमा नहुनु, जोखिमको अवस्थालाई नजरअन्जात गरिनु, पुर्वचेतावानी प्रणालीको स्थापन नहुनु, विपद व्यवस्थापनको निमित्त विषयविज्ञ जनशक्तिको कमि आदि कारण यस नीतिको कार्यन्वयन पक्ष फितलो देखिएको छ|

५. जोखिम संवेदनशीलता भु-उपयोग योजना २०८०

बिराटनगर महानगरपालिकाले विकास व्यवस्थापनलाई सुरक्षित रुपमा अगाडि बढाउन तथा विपद र जलवायु परिवर्तको नकारात्मक प्रभावप्रति उत्थान्शिलता स्थापना गर्न, नियमित भुमि व्यवस्थापन र पूर्वाधार विकासको आधारमा सुरक्षित निर्माण अभ्यस तथा महानगरपालिकाको समग्र विकास सुनिश्चित गर्न, र भुउपयोगको विस्तृत विश्लेषण र जोखिम मुल्यांकन तथा जोनिंगालाई व्यवस्थित तथा प्रभावकारी बनाउन विराटनगर महानगरपालिकाको जोखिम संवेदनशीलता भु-उपयोग योजना निर्माण तथा तर्जुमा गरेको हो|

नगरपालिका स्तरमा संकटासन्नता मुल्यांकन, जोखिम विश्लेषण तथा शहर विकास प्रवृत्ति आधारमा जोखिम संवेदनशील भु-उपयोग योजना तर्जुमा गर्नु र जोखिम संवेदनशील समुदायको पहिचलन गरि प्रकोपहरुको सुधारात्मक उपायहरु प्रस्ताव गर्नु यस योजनाको उदेश्य रहेको छ|

बिराटनगर महानगरपालिका क्षेत्र विद्यमान अवस्थामा रहेका वाढी, भूकम्प, आगोलागी जस्ता प्रमुख प्रकोफरुको जोखिम लेखाजोखा गरि महानगरपालिका क्षेत्रमा रहेको भु-भागहरुलाई उपयोगको लागि सिफारिस गरिएको छ| .

**७ विराटनगर महानगरपालिका आपतकालीन कार्यसंचानल केन्द्र कार्य संचालन कार्यविधि २०८०**

बिराटनगर महानगरपालिका विपद जोखिम न्युतिकरण तथा व्यवस्थापन ऐन तथा स्थानीय सरकार ऐन २०७४ परिच्छेद ३ मा रहेको विपद सम्बन्धी व्यवस्थाअनुसार विपदको सूचना संकलन तथा व्यवस्थापन गर्नेका निमित्त नगरपालिका तहमा स्थानीय आपतकालीन कार्य संचालन केन्द्र स्थापना गरि संचालन गर्नु पर्ने व्यवस्था गरिएको छ| सोहि आधारमा विराटनगर महानगरपालिकामा स्थानीय आपतकालीन कार्य संचालन केन्द्रको स्थापना गरिएको छ र कार्य संचालन केन्द्रको निमित्त स्थानीय कार्य संचालन बिधि २०८० तयार गरि लागु गरिएको छ|

## २.२ विगतका घटना विवरण

| वडा नं. | विवरण |
|---|---|
| १ | सिंघिया खोलाको करिअरमा धेरैजस्त स्थानहरुमा कटानको समस्या रहेको (जीवन विकास डरीसम्म) र परोपकार घाटदखि धनवत उद्योगसम्म डबान र कटान हन गरको (निकासको समस्या) |
| २ | ५० दखि १०० मिटर पश्चिम क्षेत्रमा सिंघिया खोलाको बाढी पस्ने गरेको<br>२०७४ सालभन्दा अगाडि यस क्षेत्रमा डुबान नहुने गरेको (विशेष गरि कोसी राजममार्ग छेउछाउ र शनी हाट क्षेत्र)<br>बाटो फराकिलो बनाएपछि पानी पानी निकासको समस्याले वाढी जाने गरेको निकासीको समस्या |

| | |
|---|---|
| ३ | कोशी राजमार्गमा निकासीको समस्याले गर्दा डुबान हुने गरेको राजमार्गचयूमको २०-५० मिटरसम्म (निकासीमा समस्या) |
| ४ | २०७४ सालमा सबैभन्दा ठुलो बाढी गएको<br>२०७७/०४ मा पनि ठुलो बाढी गएको<br>२०७९/७/०३ मा पनि ठुलो बाढी गएको<br>यस वडाम गाउको १ किमी माथीवाट केशलिया नदि नहरको बाधा फुटाएर गाउँमा पस्ने गरेको छ \|<br>बस्ता पैनिको राम्रो निकास नभएकोले बस्ता टोल तथा विमानस्थल क्षेत्र डुबानमा पर्ने गरको छ \|<br>विमान स्थलको दक्षिण क्षेत्रम कम डबान हुने गरेको तर वडा नं ६ को सीमामा डबान हुने गरको छ \| |
| ५ | नहरको पश्चिमी क्षेत्रमा डुबान हुने (बस्ता पैनीको कारण ३-५ दिनसम्म डुबान हेन गरेको ) |
| ६ | नहरभन्दा पश्चिमी क्षेत्र (केशलिया नदीसम्म) डुबान हुने गरको (४-६ फिट सम्म )<br>बस्ता पैनी क्षेत्रमा ५-७ फिटसम्म डुबान हुने गरेको<br>नहरको पूर्वी भाग -५० मिटरसम्म डुबान हुने गरेको |
| ७ | धर्मभक्त सदाको पूर्वी सिंघिया खोलासम्मको क्षेत्र वाढी प्रभावित (२-३ फिंट डुबान)<br>मेनरोडदेखि पश्चिम कोसी राजमार्गसम्मको क्षेत्र (सेन्टर मलभन्दा दक्षिण) डुबान प्रभावित क्षेत्र (पानी निकासीमा समस्या) |
| ८ | सिंघिया खोलाको १०० मिटर पश्चिम क्षेत्रम डुबान हुने गरेको |
| ११ | वडाको पश्चिमी क्षेत्र डुबान हुने गरेको |
| १२ | नहरको पश्चिमी क्षेत्रमा केशलिया खोलाको वाढीले डुबान हुने गरेको<br>२०७४ मा ठुलो बाढी आएको<br>तोरिया पोखरी टोलमा निकास नभएको कारण डुबान हुने गरेको |
| १३ | कोसी राजमार्गमा निकास नभएको कारण पशुपतिटोल, भट्टा टोल डुबानमा पर्ने गरेको |
| १४ | ढल प्रशोधन केन्द्रको दक्षिणवटा सिंघिया खोलाको बाढी पस्ने गरेको<br>रेल्वे लाइनको पुर्विक्षेत्र राजबंशी टोल, कठकुप्पा क्षेत्रम डुबान हुने गरेको<br>नहरको पश्चिम क्षेत्रदखि कोशी राजमार्गविचमा समेत पानीको निकास नभएका कारण डुबान हुने गरेको |
| १५ | कोसी राजमार्गमा निकासको समस्याले गर्दा डुबान हुने गरेको राजमार्ग छेउमा २०-५० मिटरसम्म |
| १६ | भारततर्फ पानी निकासीमा समस्या रहेकाले वर्षेनी बाढी तथा डुबान हुने गरेको (२०७९ सालको कर्त्तिक्को बाढीमा ३ फिट डुबान भएको<br>मोरङ्ग चिनिमिलको पश्चिमी क्षेत्रमा प्रत्येक वर्ष बाढी जाने गरेको र ठुलो जनधनको क्षेति हुने गरको |
| १७ | छाला उद्योगको दक्षिणी क्षेत्र (फुलेल मार्गको पूर्वी भाग) मा डुबान हुने गरेको करिव १ हप्ता सम्म<br>रघुपति जुटमिलको पूर्वी र दक्षिण क्षेत्र |
| १८ | बुद्दनगर भेडियारी गाउँ ३-६ फिटसम्म डुबान हुने<br>झितियाही, फडानी गाउँमा सिंघिया नदी पस्ने गरेको छ भने ४-८ फिटसम्मको डुबान हुने गरेको<br>नहरको पूर्वी भागदेखि सिंघिया खोलासम्म र ICP सडक तथा रेल्वे लाइनको दक्षिण भाग सम्म डुबान हुने गरेको |
| १९ | सिंघियायी तोला, मिलनचोक, नैजनाथापुर, खादारा क्षेत्र, क्रिकेट रंगशाला लगायतका भूभागमा सिंघिया खोला तथा कदर पैनी वाट आएको वाढीले डुबान हुने गरेको \| |

स्रोत: बिराटनगर महानगरपालिका

**२.३ संकटासन्न बस्ति तथा घरधुरीहरु**

नगरपालिका क्षेत्रको पूर्वमा रहेको सिंघिया खोला र पश्चिममा रहेको केशलिया खोला, महानगर क्षेत्रभित्र भएर बग्ने नाला तथा पैनी र पानी निकास नभई महानगरको धैरै जसो स्थानमा कटान तथा डुबान हुने गरेको छ | बिराटनगर महानगरपालिका क्षेत्रमा रहेका वाढी संकटासन्नता अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ |

| वडा नं | बाढी आउने खोला | प्रभावित समुदाय | जोखिममा पर्न सक्ने घरधुरी | जोखिममा पर्नसक्ने जनसंख्या |
|---|---|---|---|---|
| १ | सिंघिया खोला | गंगा टोल (७६) नेका पार्टी नजिक (५), कुशल टोल (१०), श्रीनगर ख (४१), नयाँ बस्ती (२५) बेलगाछी घ (१८) बेलगाछी ख (२२) धर्मशाला (३४) सुनामी टोल (१५) विजयपुर (११) | २५७ | |
| २ | सिंघिया खोला | सरस्वती वा कामत टोल (७५), तीनपैनी पुर्वटोल सिंघिया टोल (२५०) | ३२५ | |
| ४ | केशलिया खोला | चम्राही (१७) इक्राही पश्चिम खोला भित्ता (७) | २४ | |
| ४ | वास्ता पैनी | समावेशीटोल (४२), वनालोरी (३००) इक्राही (३००) दक्षिण यादव टोल (१००), गन्सुटोल (३०), ज्वाला टोल (१००), गिरिटोल (३०) | ९०२ | |
| ५ | केशलिया खोला | शंकरबारी (६७)`` | ६७ | |
| | वास्ता पैनी | बाबाजी कुटी (३५) धुनियाँ तोला (२५) प्रगति टोल (१००) विष्णु टोल (१८०) कोलरवा (६३) जलप टोल (४३) समावेशी टोल (३२) | ५५८ | |
| ६ | केशलिया खोला | बारमपुरा (२००) लब टोली (५००) संटिया (२०) कारखाना (३०) | ७५० | |
| | वास्ता पैनी | सुन्दरपुर (४००) सुर्योदय टोल (४२) सीतापुर (३०) आदर्श टोल (४०) लालीगुराँस टोल (४००) | ९१२ | |
| ७ | सिंघिया खोला | हरियाली टोल (६३) सरस्वती टोल (३०) संसारी सकम्वारी (५०) गहेली (१५) धर्मभक्त (३५) हाटखोला (१२) | २०५ | |
| ८ | सिंघिया खोला | बाल गोपाल टोल (७५) पशु बधशाला क्षेत्र (७५) विराटेश्वर वृद्धाश्रम क्षेत्र (७५), स्वागतम टोले, वलुवाही र विश्वकर्मा चोक (१५०) | ३७५ | |
| ११ | केशलिया खोला | बारमपुरा (१२०) | | |
| | धुधुवा खोला | धुधुवा पुर्व टोल (१००) | | |
| १२ | केशलिया खोला | मलहनुवा कामत टोल (६५) ऋषिदेव टोल (६५) राजबंशी टोल (५६) सिमराही टोल (१००) शंकरपुर गाडाहा (१५०) धुधुवा (१००) | | |
| | धुधुवा खोला | गाडाहा समावेशी टोल सिमराही शिवमन्दिर टोल | २०० | |
| | चेनगामारी पैनी | आदर्श टोल (७०) सिकिबाही (२०) | ९० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सिंघिया खोला | ठाकुर टोल (५००) विष्णु टोल (५०) बयरबना (३५) शिव टोल (११५) सुकुम्बासी बस्ति (३५) हाँस मुखी टोल (१००) नयाँ टोल (५०) | ९५० | |
| १६ | केशलिया खोला, एकाने खोला, दरैदी,चेंगमारी परिन र माथिल्लो क्षेत्रबत आएको पानी | दरौदी दक्षिण टोल ऋषिदेव बस्ति (२६०)चौठी टोल (१०५) प्रेम नगर (१२०) मिलन टोल (११५) कोलाहर (१८३) शान्ति टोल (२५०) आर्य टोल (७०) | ११०३ | |
| १८ | सिंघिया खोला | झातियाढ़ लव टोलिया यादव टोल | ४०० | |
| | वडा नं. १४ १५, र १७ को पानी | नाबघाट (१५००, दमदिघी (१५०० खोक्सा (१५०) भेदियारी (१५०) कलाबजर (५०) फडानी (१५०) | ८०० | |
| १९ | सिंघिया खोला | खाप टोल (१२०) सुन्दर टोल (३२) घिनाघट मुसहर टोल (३२) शिशाबानी (११५) काठेपुल (३५) धनपुरा चम्रु टोल (२४) पन्चकन्या (६०) | ३५८ | |
| | कुरिँव खोला | शिवजी स्कुल पुर्व सरदारटोल | १३ | |
| | खदरा खोला | खदरा थान टोल | १५ | |
| | | जम्मा | ७८५० | |

स्रोत: सामुहिक छलफल

डुबानबाट प्रभावित क्षेत्र

| वडा नं | डुबान हुने क्षेत्र बस्ति र घरधुरी | प्रभावित घरधुरी |
|---|---|---|
| १ | नेता मार्ग, शंकरपथ, जनता मार्ग, रंगशाला मार्ग, विजयपुर, सुनामी मार्ग, | ३५० |
| २ | बरगाछी देखि दक्षिण हाइवे पुर्व डी एस पी रोद उत्तर र मेन रोड पश्चिममा रहेका टोलहरु | ५२५ |
| ३ | कल गाडा (२८), आयल निगम (१५०) गोग्रहा टोल (३०) वन विभाग क्षेत्र (१५), भुपी मार्ग (७) राजबंशी टोले (२५) प्रताप मार्ग (७) रेग्मी टोल (१०) कन्या मार्ग (१०) औषधि व्यवस्था विभाग पुर्व (२५) पुस्पन्जली मार्ग (५), उदयमार्ग टोल र ए वान क्वालिटी बिद्यालय क्षेत्र (५०), बुद्ध चोक (१००) मदननगर क्षेत्र (१५) | ४७७ |
| ४ | सुर्य नेपालको पर्खाल देखि दक्षिण कन्चनवारी सम्म धरान रोडको पश्चिम १०० मिटर सम्मको भाग<br>कन्चनबारी देखि दक्षिण नहरको पश्चिमको सबै भाग | २०० |
| ५ | शंकरबारी (६७) बाबाजी कोटी (३५) धनियाँ टोल (२५) प्रगती (१००) बिष्णुटोल (१८०) बिशाल चोक (१८०) कोलरवा | ८२५ |

| | | |
|---|---|---|
| | (६३)जलप टोल (४३) समावेशी टोल (३२) जामुन गाछी (१७३), सुर्य मार्ग टोल (४७) र शंकरबारीको १०० बिघा जमिन | |
| ६ | लालीगुराँस टोल (३५) बिपी टोल (५०) धर्मभक्त टोल (५०)उदय टोल (३६)अमननगर (२००)बारमपुरा (६०) | ३७१ |
| ७ | सिंघिया कोलको किनारका भागमा अवस्थित टोल र क्षेत्रहरु शनिहाट लाइन डी एस पी रोड कभर्ड हल क्षेत्र, कन्हैया गल्लि र सत्यनारायण स्कुल क्षेत्र | ३५० |
| ८ | मधुमारा क्षेत्र, रेलवे ट्र्याक पुर्व सिंघिया खोला सग जोडिएको बस्ति (१५०) अशोक चोक पुर्व (१५०) बाल गोपाल टोल (१००) सुकुम्बासी टोल (१००) | ५०० |
| १० | धानुक टोल (८५) गौरब मार्ग (५) बगैच टोल (६०) | ८५ |
| ११ | लंका टोल (१५०) मरिक टोल (१२०) जनपथ दक्षिणी भाग (१००) शिवाबाबा मार्ग (४५) सिम्रक मार्ग (४०), बिहानी पथ (६०) शिव मन्दिर टोल (१५०) राम टोल (१६) | ६३५ |
| १२ | मिथिला चोक (१६) शंकर टोल (३८) समावेशी टोल (४५) सिमराही (१००) वखरी घ (१४) दैरया राजबंशी (४५) दरहिया (४७) पोखरी टोल (३२) टोलिया पोखरी (३०) मलहनुवाक तिनै टोल (१८६) | ६३५ |
| १३ | महतो टोल (८०), शिव मार्ग (३५) आश्रम टोल (३०) आँखा अस्पताल जाने वाटो | १४५ |
| १४ | विधुत टोल (८०)हंसमुखी टोल (१००) वायरवना (१००) पश्चिम घोघतोल (१००) बयरवना कथाकुप्पा (१५०) महतो टोल (वडा नं. १८ को सिमाना) (१००) शाही टोल (१००) | ७३० |
| १५ | पशुपति टोल (१५०) पारिजात र त्रिबेणी टोल (२०५) हरिनगर भट्टाटोल (३१६) पारसनाथ पोखरी टोल (७६) सिद्धार्थ टोल (७५) शान्ति टोल पानीट्यांकी क्षेत्र (२५) हदताले हाट (२८) चौधरी टोल (२८) सुनगाभा (३०) मेस्तर टोल (१५०) | १०८३ |
| १६ | बर्मा टोल | ३६७ |
| १७ | लाईन क्वाटर दक्षिण (४५) हिमालय राइस मिल टोल (४०) प्रहरी चौकी इस्लामापुर टोल दशगजा क्षेत्र (१००) पर्ती टोल (१२५) गफुर टोल नयाँ वस्ती (५०) दंग्राही (५०) | ४२० |
| १८ | झादियाही, फडानी, नाव घाट, खोक्सा भेडिहारी | १००० |
| १९ | खवास टोली (८) मिलन चोक उत्तर (१४२) | १५० |
| जम्मा | | ८८९४ |

स्रोत: सामुहिक छलफल

**२.४ आश्रय स्थलहरु**

बाढीको समयमा प्रभावित मानिसहरुलाई तत्कन खोज तथा उद्धार गरि सुरक्षित स्थलमा राख्नु पर्दछ | बिराटनगर महानगरपालिका क्षेत्रमा बाढीको समयमा निम्नानुसारका क्षेत्रहरुलाई आश्रय स्थलको रुपमा प्रयोग गर्ने सकिन्छ |

| क्र सं | टोल | सुरक्षित स्थान | अटाउन सक्ने परिवार |
|---|---|---|---|
| वडा नं १ | | | |
| १. | त्रिबेणी टोल | बाल उद्यम | २० परिवार |
| २. | बेलागछी | नेपाली कांग्रेस पार्टी कार्यालय | १०० परिवार |
| ३. | परोपकार घाट | परोपकार घाट | १०० परिवार |
| ४. | शंकर चोक | वडाको नमुना भवन | ५० परिवार |
| ५. | पानी ट्याङ्की | राधा कृष्ण मा.वि. | ६० परिवार |
| ६. | पुष्पलालचोक | जनता बहुमुखी क्याम्पस | ५०० |
| ७. | सुनामी मार्ग | निरौला प्रतिष्ठान | १० परिवार |
| ८. | सुनामी मार्ग | घिमिरे प्रतिष्ठान | २० परिवार |
| ९. | बेलगाछी | महेन्द्रेश्वर शिवालय | ५ परिवार |
| १०. | भट्टाचोक | आर आर एन भवन | २० परिवार |
| ११. | नेता चोक | पाथिभरा मन्दिर भवन | २० परिवार |
| १२. | नेता चोक | विष्णुमायाँ पुस्तकालय | ५० परिवार |
| १३. | विजयपुर | रामजानकी सामुदायिक भवन | १० परिवार |
| वडा नं २ | | | |
| १. | सुकुम्बासी टोल | ओशो अध्ययन केन्द्र चौर | २५ परिवार |
| २. | तीनपैनी पूर्वटोल | हनुमान मन्दिर सामुदायिक भवन | २५ परिवार |
| ३. | तीनपैनी पूर्वटोल | जेष्ठ नागरिक सामुदायिक भवन | ५ परिवार |
| ४. | कामत टोल | दलान घर | ५ परिवार |
| ५. | शंकरपुर | सनातन सामुदायिक भवन | १० परिवार |
| ६. | सुकुम्बासी टोल | चित्रगुप्त सामुदायिक भवन | ३० परिवार |
| ७. | राधाकृष्ण मार्ग | भूपाल ग्राम | ५० परिवार |
| ८. | शंकरपुर | सोमवारे बगैंचा क्षेत्र | ५० परिवार |
| ९. | कमल पोखरी | नर्सिङ होम पूर्व | १०० परिवार |
| वडा नं ३ | | | |
| १. | कन्या मार्ग | पुसेट कलेजको प्राङ्गण | ५०० परिवार |
| २. | पोखरिया | परोपकार अभियान समूहको भवन | २० परिवार |
| ३. | विहिवारे | जेष्ठ नागरिक हातेमालो सामुदायिक भवन | ६ परिवार |
| ४. | मदननगर | कवर्डहल | १० परिवार |
| ५. | खार्जी पूर्व | मकालु सेवा सदन निर्माणाधिन | ८ परिवार |
| ६. | प्रगति टोल | आदर्श उपभोक्ता संरक्षण समिति | ५ परिवार |
| ७. | प्रताप मार्ग | गणेश मन्दिर | ५ परिवार |
| ८. | हिमाली टोल | विन्द्यवासिनी मन्दिर सामुदायिक भवन | १० परिवार |
| ९. | उदय मार्ग | देवी पाञ्चायन मन्दिर | ५ परिवार |
| वडा नं ४ | | | |
| १. | कञ्चनवारी | कञ्चनवारी वडा कार्यालय क्षेत्र | १०० परिवार |
| १. | सत्संगमार्ग | दाहाल प्रतिष्ठान | २० परिवार |
| २. | रामजानकी | रेग्मी समाज | २० परिवार |
| ३. | सख्वारे | मुडुला कार्की सेवा समाज | ३५परिवार |
| ४. | ईक्राही | टोल संगठनको सामुदायिक भवन | १५परिवार |

| | | | |
|---|---|---|---|
| ५. | बङ्गलोरी | नोना कोईराला ट्रष्ट | ५०परिवार |
| ६. | ईक्राही | रामजानकी मन्दिर सामुदायिक भवन | १०परिवार |
| ७. | आदर्श टोल | निर्माण व्यवसायी संघ | ३० परिवार |
| ८. | पिपल चोक | लक्ष्मी नारायण मन्दिर | १० परिवार |
| **वडा नं ५** | | | |
| १. | कोचाखालटोल | स्वास्थ्य चौकी भवन | १५परिवार |
| २. | जामुनगाछी | जामुनेश्वर सामुदायिक भवन | ३०परिवार |
| ३. | प्रगतिटोल | Art of living भवन | २०परिवार |
| ४. | आदर्श टोल | पञ्चेश्वर शिव मन्दिर जानकी पथ | ५ परिवार |
| ५. | कोलरुवा | सिद्धकाली आ वि र फिल्ड | १५० परिवार |
| ६. | शान्तिचौक | तोदी भवन | १००परिवार |
| ७. | शान्तिचोक | राम मन्दिर धर्मशाला | १५परिवार |
| ८. | त्रिमूर्ति चोक | रामजानकी मन्दिर धर्मशाला | १०परिवार |
| ९. | नहर पश्चिम | क्रिस्चियन चर्च | ३० परिवार |
| १०. | विशाल चोक | शिव मन्दिर | ५ परिवार |
| **वडा नं ६** | | | |
| १. | शान्तिटोल | अभिराम युवा क्लव | ५ परिवार |
| २. | वस्ता किनार | रामेश्वर शिवमन्दिर | ५ परिवार |
| ३. | रामपुर | बाबा गगिनाथ मन्दिर निर्माणाधिन | ५ परिवार |
| ४. | बुद्धचोक | मुसाफिर खाना | १० परिवार |
| ५. | सरौचिया, | सलहेस मन्दिर धर्मशाला | ५ परिवार |
| ६. | सरौचिया | ब्रह्मबाबा मन्दिर धर्मशाला | १० परिवार |
| ७. | स्कुलमार्ग | जामे मस्जिद | २० परिवार |
| ८. | स्वागतचौक | जामिया इस्लामियाँ | १० परिवार |
| ९. | अमाननगर | अनुपकर/असरफिया मस्जिद | ५ परिवार |
| १०. | सुन्दरटोल | नेपाली मस्जिद | १० परिवार |
| ११. | रामपुर | अद्वेतभवन | १० परिवार |
| १२. | हाल ज्वाला प्रसादको भोगचासमा भएको निमुबारीको ६ कट्ठा ऐलानी जग्गालाई सुरक्षित स्थानको रुपमा विकास गर्ने। | | |
| **वडा नं ७** | | | |
| १. | ॐ शान्ति | विरेन्द्र सभागृह | ५० परिवार |
| २. | गहेली | मारवाडी सेवासदन | ३० परिवार |
| ३. | मेनरोड | अतिथि सदन | ३० परिवार |
| ४. | मेनरोड | जैन भवन | ५० परिवार |
| ५. | शनिहाट | अतिथि गृह | ३० परिवार |
| ६. | साकम्वरी टोल | साकम्वरी सेवा सदन | २० परिवार |
| ७. | शहिद मार्ग | कवर्डहल | २० परिवार |
| ८. | मेनरोड | काली मन्दिर सेवा सदन | २० परिवार |
| ९. | शनिहाट | ने.रे.सो. जिल्ला शाखा | ३० परिवार |
| **वडा नं ८** | | | |
| १. | बलवाइ | बलवाइ सामुदायिक भवन | ५० परिवार |
| २. | हाटखोला | गणेशमन्दिर | ३० परिवार |

| | | | |
|---|---|---|---|
| ३. | बलुवाइ | बृद्धाश्रम ज्ञानकुञ्ज | १०० परिवार |
| ४. | हाटखोला | हाटखोला फिल्ड | १०० परिवार |
| ५. | बलुवाइ | पशु बधशाला क्षेत्र | १०० परिवार |
| ६. | बलुवाइ | खानेपानी क्षेत्र | ५० परिवार |
| ७. | अमर टोल | निर्मल जल | ५० परिवार |
| ८. | स्वागतम टोल | छैठी माताको मन्दिर | ७० परिवार |
| ९. | स्वागतम टोल | शिवमन्दिर | ५० परिवार |
| १०. | बलुवाई | राधाकृष्ण मन्दिर | ४० परिवार |
| १०. | हाटखोला | हाटखोला सामुदायिक भवन, | २० परिवार |
| ११. | हाटखोला | अमर सेवा समिति, | २० परिवार |
| १२. | हाटखोला | बाल पुस्तकालय, | १० परिवार |
| १३. | हाटखोला | पार्टी प्यालेस | २० परिवार |
| १४. | अशोक चोक | हनुमान मन्दिर | ८ परिवार |
| १५. | बालगोपाल टोल | हाटखोला चर्च | ५ परिवार |
| १६. | मधुमारा | मधुमारा चर्च | ६ परिवार |
| १७. | विश्वकर्मा चोक | विश्वकर्मा चोक | ५ परिवार |
| १८. | वलवाइ | बलवाइ चर्च | ७ परिवार |
| १९. | रेलवे | रेलवे चर्च | ५ परिवार |
| **वडा नं ९** | | | |
| १. | महावीर गुठी टोल | महानगरपालिकाको ब्लक ए र वि | २० परिवार |
| २. | रामजानकी टोल | सरस्वती मा.वि. | १५० परिवार |
| ३. | साझा टोल | मदरसा | १० परिवार |
| ४. | जानकी टोल | रामजानकी सेवा सदन | ५० परिवार |
| ५. | दधिराम पथ | कविर मन्दिर | १० परिवार |
| ६. | भानुटोल | शिक्षक गठन कार्यालय | १० परिवार |
| ७. | कलेज रोड | पत्रकार महासंघ | १५ परिवार |
| ८. | गुद्री टोल | शितलधर्मशाला | २५परिवार |
| ९. | साझाटोल | गौसिया अनिसुल उलुम मदर्सा | २० परिवार |
| १०. | न्यूरो रोड | सिटी प्यालेस | १०० परिवार |
| **वडा नं १०** | | | |
| १. | नेशनल ट्रेडिङ | कोशी कोभिड अस्पताल | ५० परिवार |
| २. | वाचनालय मार्ग | गणेश पुस्तकालय | १५ परिवार |
| ३. | साई मार्ग | चित्रगुप्त समाज | २० परिवार |
| ४. | विन्ध्यबासिनी | विराट सेवा आश्रम | २० परिवार |
| ५. | एक्वापार्क टोल | एक्वा पार्क | २० परिवार |
| ६. | गुराँस टोल | नेपाल एयरलाईन्सको जमिन | ५० परिवार |
| ७. | बंगलामुखी टोल | झिः पुँच | ५० परिवार |
| **वडा नं ११** | | | |
| १. | बखरी (वडा नं ११ र १२) | विराट सामुदायिक भवन | ५० परिवार |
| २. | पिचरा | वहाई मन्दिर | सामुदायिक भवन निर्माण गर्न सकिने |

| | | | |
|---|---|---|---|
| ३. | पिचरा | श्री जनपथ माध्यमिक विद्यालय | १०० परिवार |
| ४. | जनपथटोल | बसपार्क | १०० परिवार |
| ५. | पिचरा | अरुणोदय आ.वि. | १०परिवार |
| ६. | जनपथ | रौनियार भवन | २०परिवार |
| ७. | दुर्गा टोल | जेष्ठ नागरिक सामुदायिक भवन | १०परिवार |
| ८. | साकेला थान | साकेला थान | ३० परिवार |
| ९. | धुधुवा | जेष्ठ नागरिक भवन | ५ परिवार |
| १०. | बुद्ध टोल | बुद्ध विहार | १० परिवार |
| **वडा नं १२** | | | |
| १. | बखरी (वडा नं ११ र १२) | विराट सामुदायिक भवन | ५० परिवार |
| २. | बखरी | बखरी आधारभूत विद्यालय | ५० परिवार |
| ३. | कलेजक्षेत्र | महेन्द्र मोरङ्ग कलेज | ५०० परिवार |
| ४. | लेखनाथ मार्ग | लेखनाथ वाचनालय | २० परिवार |
| ५. | बखरी | विराट सामुदायिक भवन | ५० परिवार |
| ६. | रामजानकी मन्दिरमा २ विगा जग्गा छ। त्यसलाई मन्दिर व्यवस्थापन समितिसंग समन्वय गरेर सुरक्षित स्थानको रूपमा विकास गर्ने। | | |
| **वडा नं १३** | | | |
| १. | अभिवादन, कोशी प्रोजेक्ट, थापा निवास टोल | सुनसरी मोरङ्ग सिंचाई आयोजनाको कार्यालय | ५०० परिवार |
| २. | आश्रम टोल शिवमार्ग | पूर्वाञ्चल बाल तथा बृद्धाश्रम | २०० परिवार |
| ३. | सैनिक टोल, जयकाली टोल, माईती नेपाल, ओमहरी मार्ग | बाल मा.वि. रानी | १०० परिवार |
| ४. | ओमहरी मार्ग | माइती नेपाल | १० परिवार |
| ५. | अभिवादन टोल | एस ओ एस बालग्राम | ५० परिवार |
| **वडा नं १४** | | | |
| १. | जतुवा उत्तरबारी | रामजानकी मन्दिर, | १०० परिवार |
| २. | जतुवा नयाँ नगर | डिग्री क्याम्पस, | १००० परिवार |
| ३. | जतुवा | बाल मा.वि., | १०० परिवार |
| ४. | जतुवा | गुरुकुल विद्यालय | २०० परिवार |
| ५. | नयाँ टोल | इजमुलिया मदरसा | १०० परिवार |
| ६. | जतुवा उत्तरवारी | रामजानकी सामुदायिक भवन | ५० परिवार |
| ७. | नयाँ टोल र कठकुप्पा | जनता बाल आ वि | १० परिवार |
| ८. | विष्णु टोल | विष्णु आ वि | १० परिवार |
| **वडा नं १५** | | | |
| १. | दक्षिणटोल | दुर्गा मन्दिर धर्मशाला | २५ परिवार |
| २. | बर्माटोल १६ | रानी युवा क्लवको भवन | ४० परिवार |
| ३. | रामजानकी चोक | रामजानकी मन्दिर धर्मशाला | १० परिवार |
| ४. | पशुपति टोल | मानकी मन्दिर | १० परिवार |
| **वडा नं १६** | | | |
| १. | रानीक्षेत्र | रानी युवाक्लव | १०० परिवार |
| २. | मिल्सएरिया | मिल्स मा.वि. | २०० परिवार |

| | | | |
|---|---|---|---|
| ३. | वडाका सबै क्षेत्र | कटन मिलको फिल्ड | २०० परिवार |
| ४. | वडाका सबै क्षेत्र | हुलास मेटल उद्योग | १०० परिवार |
| ५. | वडाका सबै क्षेत्र | बिराटनगर जुट मिल | १०० परिवार |
| ६. | वडाका सबै क्षेत्र | मोरङ सुगर मिल | २०० परिवार |
| ७. | | दुर्गा मन्दिर | ४० परिवार |
| ८. | बिराटनगर जुटमिलको खुल्ला क्षेत्रलाई सुरक्षित स्थानको रूपमा विकास गर्ने । | | |
| **वडा नं १७** | | | |
| १. | मटेरवा | मटेरवा खेल मैदान | ५० परिवार |
| २. | गफुरटोल मदरसा टोल | वडा कार्यालय खेल मैदान | ३० परिवार |
| ३. | दक्षिणपश्चिमटोल | छाला उद्योग नजिकको स्थान | १०० परिवार |
| ४. | मदरसाटोल | मदरसा असरफिया | ५०० परिवार |
| ५. | जुटमिलक्षेत्र | रघुपति जुटमिल, रघुपति आ.वि | ८०० परिवार |
| **वडा नं १८** | | | |
| १. | झटियाही | जनता आ.वि. दिव्य ज्योति | ६० |
| २. | फडानी र कालाबन्जार | मनिषको कामत | ३०० |
| ३. | नावघाट, दमादिघी, भेडिहारी, खोक्साहा | रेल्वे स्टेशन | ५०० |
| ४. | फडानी | सामुदायिक भवन | १०० |
| **वडा नं १९** | | | |
| १. | | रंगशाला क्षेत्र | ५०० परिवार |
| २. | | सभाहल निर्माण क्षेत्र | ५० परिवार |
| ३. | घिनाघाट | दुर्गामन्दिर | ५० परिवार |
| ४. | मिलनचोक | रामजानकी मन्दिर | ५० परिवार |
| ५. | मिलनचोक | प्रणामी मन्दिर धर्मशाला | १०० परिवार |

**श्रोत: बिराटनगर महानगरपालिका**

## २.५ सरोकारवाला निकायहरुको लेखाजोखा

विपदको समयमा सम्पूर्ण सरोकरवाला निकायहरु बीच सहकार्य तथा समन्वय भएका सहितबरबाट प्रतिकार्य हुन सक्दछ| बिराटनगर महानगरपालिकामा रहेका निम्नानुसारका सरोकारवाला निकायहरुले बाढी लगायत अन्य विपदको व्यवस्थापनमा कार्य गर्ने गरेका छन्|

| सि नं | सरोकारवाला संस्था | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं | प्राप्त हुने सक्ने सहयोग |
|---|---|---|---|---|---|
| १ | जिल्ला विपद व्यवस्थापन समिति मोरङ्ग | इन्द्र देव यादव | प्रमुख जिल्ल अधिकारी/अध्यक्ष | ९८५२०५७७७७ | समन्वय अनुगमन |
| २ | कोशी प्रदेस प्रहरी कार्यालय विराटनगर | इश्वर कार्की | प्रहरी नायव महनिरिक्षक | ९८५२०८४४४४ | खोज तथा उद्धार, सुचना तथा संचार |
| ३ | जिल्ला प्रहरी कार्यालय मोरङ्ग | नवराज कार्की | प्रहरी बरिष्ट निरक्षक | 021-462158 | खोज तथा उद्धार, सुचना तथा संचार |
| ४ | जिल्ला समन्वय समिति मोरङ्ग | अजम्वर राइ | सभापति | ९८५२०६६२२२ | समन्वय तथा व्यवस्थापन |
| ५ | बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय | | प्रमुख | ९८५२०८१२६६ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| ६ | सशस्त्र प्रहरी बल बिराटनगर | | | | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| ७ | नेपाल रेड क्रस सोसाइटी, मोरङ्ग जिल्ला ``शाखा | सुबोध कुमार सिंह | सभपति | ०२१-५२३३२५ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| ८ | विश्व खाद्या कार्यक्रम | लक्ष्मी चौधरी | प्रदेस प्रमुख | ९८५२८३०८७२ | राहत बितरण |
| ९ | लुथरन वोर्ल्ड फेडेरेसन नेपाल | वेक्त हेमरम | कार्यक्रम व्यवस्थापक | ९८१५३६६६४ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| १० | माइती नेपाल | विनोद पोखरेल | परियोजना संयोजक | ९८४२०२७१९५ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| ८ | नेपाल ग्रामिण पुन निर्माण संस्था RRN | लक्ष्मी कार्की | परियोजना व्यवस्थापक | | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| ९ | जिबन विकास समाज | दामोदर रेग्मी | परियोजना संयोजक | ९८०२७९६०५४ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | अनौपचारिक क्षेत्र सेवा केन्द्र | सोमराज थापा | | ०२१ ५२५७९४ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| ११ | सेतो गुराँस वाल विकास | सरु केसी | कार्यकारी प्रमुख | ९८५२०२३३०५ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| १२ | सि बि न नेपाल | बासु अधिकारी | कार्यकारी प्रमुख | ०२१५३५७०० | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| १३ | ए बि सि नेपाल | बिष्णु शर्मा | कार्यकारी प्रमुख | ९८५२०२१७७९ | पूर्वतयारी, खोज तथा उद्धार राहत बितरण |
| 14 | मोरङ्ग व्यापार संघ | नबिन रिजाल | | ९८५२०४००४७ | खोज तथा उद्धार राहत बितरण |
| १५ | उद्योग संगठन मोरङ्ग | सुयश प्याकुरेल | | ९८५२०३१९५३ | खोज तथा उद्धार राहत बितरण |
| १६ | नेपाल च्याम्बर अफ कमर्स | यादव पोखरेल | | ९८५२०२१२४१ | खोज तथा उद्धार राहत बितरण |
| १७ | विराट व्यापार संघ | नरेश खत्री | | ९८५१०९४०३४ | खोज तथा उद्धार राहत बितरण |

# खण्ड ३ बिषयगत क्षेत्रको मनसुन पुर्व तयारी तथा प्रतिकार्य योजना

### ३.१ बिषयगत क्षेत्रहरु

विपदबाट प्रभावितहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउने सन्दर्भमा बिशेषज्ञाता तथा कर्यक्षेत्रक आधारमा जिम्मेवारीको बाडफाड नै बिषयगत क्षेत्रको रुपमा हो | उद्धार तथा राहत, सुचना व्यवस्थापन, खाद्यान्न, आवास, खानेपानी सरसफाई तथा स्वास्थ्य प्रबर्द्धन, सुरक्षा तथा संरक्षण, शिक्षा जस्ता बिषयमा बिशेषज्ञता हासिल गरेको समुहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिंदा मानवीय सहयोग को कार्य व्यवस्थित र प्रभावकारी बन्छ | अतः क्षेत्रगत अवधारणालाई विपदवाट बिस्थापित समुदायलाई उपलब्ध गराउने मानवीय सहयोग बिशेषज्ञताप्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराइने गरि गरिएको कार्यविभाजन भनेर पनि बुझ्न सकिन्छ |

क्षेत्रगत अवधारणाका प्रमुख बिशेषता देहायानुसार रहेका छन् |

१. विपदको समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ |
२. प्रतिकार्य (खोज उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ |
३. मानवीय सहयोगलाई प्रभावकारी जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ |
४. मानवीय सहयोगका क्षेत्रको पहिचान गरि त्यसअनुरूप सहयोगको खाका तयार गर्छ |

५. प्रतिकार्यमा देखिएका कमीकमजोरिमा सुधार गरि कार्य योजनाको समिक्षा गर्दै आवश्यकता अनुसार जिम्बेवारी निर्धारण तथा परिमार्जन गर्छ |

यस नगरपालिका पुर्वमनासुन कार्ययोजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छ

| क्र.स. | विषयगत क्षेत्र (Clusters) | नेतृत्व गर्ने सरकारी निकाय | प्रमुख सहयोगी निकाय |
|---|---|---|---|
| 1 | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार | नगर प्रमुख<br>नामः नागेस कोइराला<br>सम्पर्क नं.: ९८५२०२०७६७ | जिल्ला प्रहरी<br>नेपाली सेना<br>सशस्त्र प्रहरी बल<br>गैर सरकारी संस्था<br>नेपाल रेड क्रस सोसाइटी<br>उद्योग संघठन मोरङ्ग |
| २ | खाद्य तथा कृषि | कृषि शाखा<br>नामः खगेश्वर तिम्सेना<br>सम्पर्क नं.: ९८४२३७८३३३ | यातायात व्यवसायी प्रतिनिधि<br>उद्योग संगठन मोरङ्ग<br>मोरङ्ग व्यापार संघ<br>विराट व्यापार संघ<br>विश्व खाद्या कार्यक्रम<br>गैर सरकारी संस्थाहरु |
| ३ | स्वास्थ्य तथा पोषण | स्वास्थ्य शाखा<br>नामः दिलिप कुमार यादव<br>सम्पर्क नं.: ९८४४०९९३७० | औषधि व्यवसायी प्रतिनिधि<br>निजि अस्पताल तथा फार्मेसी प्रतिनिधि |
| ४ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन | सरसफाई शाखा<br>नामः पुनम कुमार दाहाल<br>सम्पर्क नं.: ९८५२०२२७२९ | नेपाल खानेपानी संस्थान<br>बखरी खानेपानी उपभोक्ता समिति<br>जामुनगाछी खानेपानी उपभित्का समिति<br>सुनौलो अवसर युवा क्लव |
| ५ | आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री | नगर उपप्रमुख<br>नामः शिल्पा निरौला कार्की<br>सम्पर्क नं.: ९८५२०२९३९० | जिल्ला प्रहरी कार्यालय मोरङ्ग<br>सशस्त्र प्रहरी बल<br>नगर प्रहरी |

| | | | |
|---|---|---|---|
| | | | नेपाल रेड क्रस सोसाइटी<br>नेपाल ग्रामिण पुन निर्माण संस्था RRN<br>गैर सरकारी महासंघ |
| ६ | संरक्षण तथा सूरक्षा | महिला बालबालिका शाखा<br>नामः<br>सम्पर्क नं.: | नेपाल प्रहरी<br>ओरेक नेपाल<br>ए बि सि नेपाल<br>नेपाल रेड क्रस सोसाइटी |
| ७ | आपत्कालीन शिक्षा | शिक्षा शाखा<br>नामः कृष्ण भट्टराई<br>सम्पर्क नं.: ९८४१०३११९२ | शिक्षक महासंघ<br>विद्यालय व्यवस्थापन नगर संजाल<br>गैर सरकारी संस्थाहरु |
| ८ | शीघ्र पुनर्लाभ | पूर्वाधार विकास समिति<br>नामः कुमार पोखरेल<br>सम्पर्क नं.: ९८५२०२८९५० | राजनैतिक दलका प्रतिनिधि<br>गै स स प्रतिनिधि<br>बाणिज्य तथा व्यापार संघ प्रतिनिधि<br>टोल विकास समितिहरु<br>विकास साझेदार |

### ३.२ मनसुन पूर्वतयारी कार्ययोजना

बिराटनगर महानगरपालिकाको पुर्विक्षेत्रमा सिंघिया खोला र पश्चिममा केशलिया खोला तथा नगर क्षेत्र भित्रबाट बग्ने स-साना खोल्सी र उचित रुपमा पानी निकासी नहुदा वाढी, डुबान तथा कटानको हुने गरेको छ | समुदाय तथा वडास्तरीय छलफलको क्रममा यस क्षेत्र भित्र नियमित वर्षा भएको अवस्थामा बस्तीहरु डुब्ने गरेको छ र उक्त डुबान पानी रहे सगै क्रमश कम हुदै जाने गरेको जानकारी प्राप्त हुन आएको छ | त्यसै गरि खोला क्षेत्रमा अत्यधिक मात्रामा पानीको वाहब रहेका कारण सिंघिया तथा केशलिया खोलाको कटान समस्या देखिएको छ |

बाढीका कारण घर, बिद्यालय, सामाजिक संरचना, स्वास्थ्य संस्थाहरु, व्यवसाय आदि बिभिन्न क्षेत्रमा प्रभाव पर्ने गरेको र बाढी पश्चात बिभिन्न किसिमका रोग तथा सर्पको बिगबिगी बढ्ने गरेको पाइन्छ | बाढीको समयमा पनि बाढी प्रभावित मानिसहरु घर छोड्न नमान्ने तथा घर नजिकै रहेको उच्च स्थानमा समय बिताउने गरेको देखिन्छ | बादी व्यवस्थापनको निमित्त निम्नानुसारको कार्ययोजना रहेको छ |

कार्य योजना

| सि नं | क्रियाकलाप | जिम्मेबारी निकाय | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | • आपतकालीन कार्य संचालन केन्द्रलाई सक्रिय बनाइ पुर्वानुमनुमानमा आधारित रही मौसमका सुचनाहरु लिई महानगरपालिका भित्रका सरोकारवाला एवं वडाहरुमा जानकारी दिने<br>• बाढी तथा डुबानको जोखिममा रहेका बस्ति हरुको पहिचान गरि पूर्व सुचना दिने र सुरक्षित रहन संचार माध्यममा प्रचार प्रसार गरि सुरक्षित तुल्याउने | बिराटनगर महानगरपालिका<br>आपतकालीन कार्य संचालन<br>महानगर  विपद व्यवस्थापन समिति<br>वडा विपद ब्यवास्थापन समिति | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति<br>प्रदेस विपद व्यवस्थापन समिति<br>प्रदेस/जिल्ला आपतकालीन कार्य संचालन केन्द्र<br>जल तथा मौसम विभाग<br>जिल्ला विपद व्यवस्थापन समिति<br>जिल्ला प्रहरी कार्यालय, मोरङ्ग<br>प्रदेस प्रहरी कार्यलय विराटनगर<br>सशस्त्र प्रहरी बेस क्याप, बिराटनगर<br>नेपाली सेना | निरन्तर |
| २ | • बाढी तथा डुबानको जोखिममा रहेका बस्तीहरुमा पूर्व सूचना दिने र सुरक्षित रहन संचार माध्यममा प्रचार प्रसार गरि सुरक्षित तुल्युउने<br>• सुरक्षित स्थानहरुको परिचालन गरि राख्ने र परेको बेलामा पीडितहरुलाई सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने | महानगर  विपद व्यवस्थापन समिति<br>वडा विपद ब्यवास्थापन समिति | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति<br>प्रदेस विपद व्यवस्थापन समिति<br>प्रदेस आपतकालीन कार्य संचालन केन्द्र | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | • प्रकोप पीडितहरुको खोज तथा उद्धार र तथ्यांक गरि राहत, आपतकालीन आश्रय स्थान, पुनस्थापन पुननिर्माण, खाद्य सुरक्षा र पुनर्लाभका गतिविधिहरु आवश्यकता अनुसार संचालन गर्ने ।<br>• सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।<br>• आवश्यक थप सहयोगको लागि समन्वय गरि सहयोग उपलब्ध गराउने<br>• बाढी आएको समयमा खोला क्षेत्रमा माछा मार्ने, पौडी खेल्ने, जस्ता कार्यलाई निषेध गर्ने | | जल तथा मौसम विभाग<br>जिल्ला विपद व्यवस्थापन समिति तथा<br>जिल्ला अपताकिलिन कार्य संचालन केन्द्र<br>सुरक्षा निकायहरु<br>संचार माध्यम | |
| ३ | • इक्विपमेन्टसहितको आवश्यक न्युनतम सामग्री सहित खोज तथा उद्धार कार्यमा खटिन तयारी अवस्थामा रहने र आवश्यक अनुसार परिचालन हुने ।<br>• मनासुनबाट उत्पन्न हुने सक्ने बाढी तथा डुबान जन्न विपद्लाई मध्यनजर गरि सम्भावित जोखिमयुक्त स्थानहरुको अध्यायन एवं पहिचान गरि सोहि अनुसार जनशक्ति तथा आवश्यक उद्धार उपकरण तयारी हालतमा राख्ने<br>• खोज तथा उद्धारको निमित्त थप जनशक्ति आवश्यक परेको खण्डमा जिल्ला तथा प्रदेसका निकायहरुमा समन्वय गरि थप सहयोग जुटाउन पहल गर्ने<br>• आफ्नो आवश्यक Heavy Equipment आवश्यक प्रयोगमा ल्याउन मिल्ने र सकिने गरि रणनीतिक स्थानमा राख्ने | महानगर विपद व्यवस्थापन समिति<br>सुरक्षा निकाय<br>वडा विपद समिति | सडक बिभाग<br>जिल्ला विपद व्यवस्थापन समिति<br>प्रदेस विपद व्यवस्थापन समिति<br>निर्माण व्यवसायी | मनसुन अवधि भरि निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ४ | स्थानीय कार्यसंचालन केन्द्रलाई सक्रिय बनाउने | महानगर विपद व्यवस्थापन समिति तथा कार्य संचालन केन्द्र | नगर विपद व्यवस्थापन समिति<br>वडा विपद व्यवस्थापन समिति<br>आम संचार माध्यम | निरन्तर |
| ५ | खोज, उद्धार तथा राहत सामाग्रीहरुको पूर्व भण्डारण गर्ने<br>खोज, उद्धार तथा रहात सामग्रीहरु उचित भण्डारण को अनुमान गर्ने र वडा स्तरमा भण्डारणको व्यवस्था मिलाउने | महानगर पालिका विपद व्यवस्थापन समिति<br>वडा विपद व्यवस्थापन समिति | जिल्ला तथा प्रदेस विपद व्यवस्थापन समिति<br>बिराटनगर व्यापार संघ<br>खाद्य व्यवस्थापन तथा व्यापार कम्पनि लिमिटेड | पूर्व मनसुनको समयमा |
| ६ | नगरपालिका विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा वडा तहको जोखिमको आँकलन गर्ने | महानगर विपद व्यवस्थापन समिति | गैर सरकारी संस्था | निरन्तर |
| ७ | विपद व्यवस्थापन कोषमा न्युनतम रकम राख्ने | महानगर विपद व्यवस्थापन समिति | | निरन्तर |
| ८ | स्थानीय स्वयं सेवक समूह गठन, क्षमता वृद्धि र परिचालन गर्ने | महानगर विपद व्यवस्थापन समिति<br>वडा विपद व्यवस्थापन समिति | गैर सरकारी संस्था | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ९ | माहामारी फैलन नदिन र स्वास्थ्य सेवा प्रवाह गर्न सतर्कता अपनाउदै जनशक्ति, औजार/औषधिको पूर्व भण्डारण लगायत आवश्यक तयारी अवस्थामा राख्ने<br>एम्बुलेन्सहरु तयारी अवस्थामा राख्ने र परिचालनको व्यवस्था मिलाउने | महानगर विपद व्यवस्थापन समिति<br>स्वास्थ्य शाखा<br>स्वास्थ्य केन्द्रहरु | | निरन्तर |
| १० | विस्थापित सुमुदयाका लागि खस गरि शिविरमा बस्ने मानिसहरुका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा सरसफाई एवं नुहाउने सुविधाहरुमा पहुँचको सुनिश्चितता गर्ने<br>प्रभावित समुदायहरुमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाहरु (सुरक्षित खानेपानी शौचालय, सानेटेरी प्याड, साबुन पनि आदि ) उपलब्ध गराउने | महानगर विपद व्यवस्थापन समिति<br>खानेपानी सरसफाई तथा स्वच्छता माहाशाखा | जिल्ला खानेपानी कार्यालय<br>जिल्ला विपद ब्व्वावास्थापन समिति<br>राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | |
| ११ | राहत सामाग्रीहरुको भण्डारण, जनशक्ति परिचालन सहित तयार गरेको कार्य योजना तयार परि कार्यन्वयन गर्ने | महानगर विपद व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटि जिल्ला शाखा मोरङ्ग , कोशी पिडित समाज, मोरङ्ग<br>जिल्ला विपद व्यवस्थापन समिति<br>राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | निरन्तर |
| १२ | कृषि तथा पशुपालनमा पर्न सक्ने प्रभावहरुको पूर्वानुमान गरि तत्सम्बन्धी सतर्कता अपनाउदै जनशक्ति, औषधि/औजार, दाना, बिउबिजन, भ्याक्सिन, तथा अन्य आवश्यक सामाग्रीहरुको पूर्व भण्डारण लगायत आवश्यकता अनुसार तयारी अवस्थामा रही परिचालनको व्यवस्था मिलाउने | महानगरपालिका कार्यालय<br>कृषि तथा पशु सेवा महाशाखा | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | मनसुन अवधि भरि निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| १३ | बाढीबाट बिस्तापितका लागि खाद्यान्न, सरसफाई र अस्थाई आवास तथा औषधि उपचारको प्रबन्ध मिलाउने | महानगरपालिका कार्यालय | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | निरन्तर |
| १४ | विपदको समयमा शिविरहरुको व्यवस्थापन गर्ने | महानगरपालिका कार्यालय | जिल्ला विपद व्यवस्थापन समिति<br>प्रदेस विपद व्यवस्थापन समिति<br>राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | निरन्तर |
| १५ | कामको लागि नगद तथा खाद्यान्न कार्यक्रम संचलन गर्ने | महानगरपालिका | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | निरन्तर |
| १६ | अत्याबश्यक वस्तुहरुको अतिरिक्त मौजत व्यवस्थापन गर्ने<br>आपतकालीन अवस्थाका सम्बन्धमा नियमित सूचना प्राप्ति श्रोतसाधन र जनशक्ति व्यवस्थापन र भईरहेको कार्यहरुका सम्बन्धमा अन्य सरोकारवाला निकायहरु सँग नियमितरुपमा समन्वय र रहकार्य गर्ने \| | महानगरपालिका कार्यालय<br>महानगर आपतकालीन कार्य संचालन केन्द्र | जिल्ला/प्रदेस विपद व्यवस्थापन समिति<br>राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | निरन्तर |
| १७ | बाढीको समयमा र बाढी पच्चात बिद्यालय सुचारु गर्न शैक्षिक सामग्री, बैकल्पिक कक्षा संचालन, बिद्यालयहरुको मर्मत सम्भार, बिद्यालय सम्मको पहुँच लगायत शिक्षामा पर्ने सक्ने प्रभावलाई कम गर्न वडा तथा समुदायस्तरमा योजना बनाइ कार्यन्वयन गर्ने | वडा कार्यालय<br>महानगरपालिका कार्यालय<br>शिक्षा माहाशाखा | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरु | निरन्तर |

### ३.३ मनसुन प्रतिकार्य योजना

यस अन्तर्गत खोज ,उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शिघ्र पुर्नलाभका कार्यहरू पर्दछन् । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज ,उद्धार ,उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरू समावेश गरिएका छन् । विपद् प्रतिकार्यका लागि गठित विषयक्षेत्रहरू परिचालन गर्न तपशिल बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छ:

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

३.३..१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
